# सूचना

## मिति २०७७ साल फागुन २४ गते संचालन गरिने चार वर्षे स्नातक तह कम्प्यूटर विज्ञान तथा सूचना प्रविधि ( B.Sc.CSIT) विषय २०७७ को प्रवेश परीक्षामा परीक्षार्थीहरुले पालना र ध्यान दिनु पर्ने कुराहरु

### परीक्षा केन्द्रमा परीक्षार्थीहरुले पालना गर्नु पर्ने कुराहरु

१) परीक्षार्थीले प्रवेश पत्र सहित परीक्षा केन्द्रमा प्रवेश गर्नुपर्ने छ । बिना प्रवेश पत्र परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश दिईने छैन ।

२) परीक्षार्थीहरुलाई परीक्षा केन्द्रमा आफ्नो झोला सकेसम्म नल्याउन सुचित गरिन्छ । साथै मोबाईल पनि **Switch off** गरी आफ्नो शरीरबाट परीक्षा अवधीभर अलग राख्नु पर्ने छ । मोबाईल बोकी परीक्षा दिई रहेको पाईएमा उक्त परीक्षार्थीको परीक्षा रद्द गर्न सकिनेछ ।

३) परीक्षा अवधीभर एक-अर्कासँग बोलेको वा **Question /Answer-Sheet** हेरेको/देखाएको पाइएमा दुवै परीक्षार्थीको परीक्षा रद्द गर्न सकिनेछ ।

४) परीक्षार्थीहरुले सिट प्लान अनुसार तोकिएको स्थानमा बसी परीक्षा दिनु पर्ने छ । सिट प्लान बिगारेको वा सारेको पाइएमा त्यस्ता परीक्षार्थीको परीक्षा रद्द गर्न सकिने छ ।

५) परीक्षा अवधीभर परीक्षार्थीलाई शौचालय जान निषेध गरिएको छ । सबै परीक्षार्थीहरुलाई परीक्षा सुरु हुनु अगावै शौचालय जान सुचित गरिन्छ । स्वास्थ्यको कारणले शौचालय जानु परेमा सप्रमाण आवश्यक जानकारी परीक्षा अगावै उपलब्ध गराउनु पर्ने छ ।

६) परीक्षा संचालन भएको आधा घण्टा पछि परीक्षा केन्द्र प्रवेश गर्ने परीक्षार्थीहरुलाई प्रवेश परीक्षामा समावेश गराईने छैन ।

७) परीक्षार्थीले **Multimedia, Communication /Camera** भएका **Electronics** सामाग्रीहरु (जस्तै **Mobile, Smart-Watch, iPod, Note-pads, Mini-camera pen, Voice recorder pen, Multimedia devices** ) आदि सामाग्रीहरु परीक्षा भवन भित्र लैजान मनाही गरिएको छ । जानी नजानी कसैले यस्ता सामाग्री लगेको वा प्रयोग गरेको पाइएमा त्यस्ता परीक्षार्थीको परीक्षा रद्द गर्न सकिने छ ।

८) आफू सम्मिलित हुनुपर्ने परीक्षामा आफू नै सम्मिलित हुनुपर्ने छ । अरुलाई सम्मिलित गराएमा त्यस्ता परीक्षार्थीको परीक्षा रद्द गर्न सकिने छ ।

९) परीक्षार्थीले परीक्षा भवन भित्र निषेधित वस्तुहरु लैजान पाउने छैनन् । निषेधित वस्तु लगेमा वा अभद्र व्यवहार गरेमा केन्द्राध्यक्षले त्यस्ता परीक्षार्थी उपर त्रि.वि.नियमनुसार कारवाही गर्नुका साथै परीक्षा भवनबाट निष्काशन गर्न सक्नेछ ।

१०) परीक्षार्थीले परीक्षा केन्द्र प्रवेश गर्दा मास्क अनिवार्य रुपले लगाउनु पर्नेछ । साथै **Covid-19 Protocol** को पालना गर्नु पर्नेछ ।

**Institute of Science & Technology**
**Tribhuvan University**

## परीक्षार्थीहरुले परीक्षा दिँदा ध्यान दिनु पर्ने कुराहरु

१) परीक्षार्थीले उत्तर पृष्ठ **(Answer Sheet )** मा कालो कलम **(black dot/ball Pen)** मात्र प्रयोग गर्न पाउने छन् । **Pencil/Tippex (correction fluid)** प्रयोग गरेको मान्य हुने छैन ।

२) उत्तर पृष्ठ **(Answer-Sheet )** को दुवै पृष्ठ **(front/back )** मा कुनै पनि प्रकारको चिन्ह, केरमेट, मोबाईल नम्बर इत्यादी लेख्न निषेध गरिएको छ । यस्तो लेखिएको पाइएमा उक्त परीक्षार्थीको परीक्षाफल रद्द गर्न सकिने छ ।

३) प्रवेश परीक्षाको प्रश्नपत्रमा **(Question Paper)** १०० वटा **Objective (Multiple Choice)** प्रश्नहरु रहने छन् । त्यसमध्ये परीक्षार्थीले प्रत्येक प्रश्नको **Options** हरु मध्येबाट सही उत्तर छनौंट गर्नु पर्ने छ ।

४) परीक्षार्थीले उत्तर पृष्ठ **(Answer-Sheet)** मा दिइएको चार **Options** हरु **A, B, C, D** मध्ये कुनै एक सर्कल ◯ मा सही उत्तर छानी सर्कल भित्र कालो कलम **(black dot/ball pen)** ले भर्नु **(Bold-● )** पर्ने छ । परीक्षार्थीले यस वाहेक अन्य प्रकारले चिन्ह ले⊗ वा ⦶ लगाएमा मान्य हुने छैन ।

५) परीक्षार्थीले प्रश्नपत्र **(Question Paper)** को दायाँ वायाँ, माथिल्लो वा तल्लो भागको खाली ठाउँमा रफ गर्न सक्ने छन ।

७) परीक्षार्थीले सामान्य **Scientific Calculator** प्रयोग गर्न सक्ने छन्, तर **Multimedia Meomory Device, WiFi** वा **Camera** भएको **Calculator** प्रयोग गर्न पाउने छैनन् । यस्ता सामाग्री लगेको वा प्रयोग गरेको पाइएमा त्यस्ता परीक्षार्थीको परीक्षा रद्द गर्न सकिने छ ।

८) परीक्षार्थीले प्रश्नपत्र **(Question Paper)** र उत्तर पृष्ठ **(Answer-Sheet )** दुवै अनिवार्य रुपले स्टिच गरी बुझाउनु पर्ने छ । अन्यथा उक्त परीक्षार्थीको परीक्षाफल रद्द गर्न सकिने छ ।

९) परीक्षार्थीले केन्द्राध्यक्ष र निरीक्षकको अनुमति लिएर परीक्षा शुरु भएको एक घण्टा पछि प्रश्नपत्र **(Question Paper)** र उत्तर पृष्ठ **(Answer-Sheet)** बुझाएर बाहिर जान सक्नेछन् ।

**Institute of Science & Technology**
**Tribhuvan University**